# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) मुकामः बुटवल, चैत्र ११ गते, २०७८ साल (अतिरिक्ताङ्क ४६


# भाग २

## प्रदेश सरकार

## शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालयको सूचना

प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७८।१२।११ मा स्वीकृत भएको **"विश्वविद्यालय नियमावली, २०७८"** सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## विश्वविद्यालय नियमावली, २०७८

विश्वविद्यालय ऐन, २०७८ को दफा ४७ ले दिएको अधिकार प्रयोग गरी लुम्बिनी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ ।

## परिच्छेद– १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम “विश्वविद्यालय नियमावली, २०७८” रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले विश्वविद्यालय ऐन, २०७८ सम्झनु पर्छ।

(ख) “प्रशिक्षण” भन्नाले शिक्षण संस्थामा अध्यापन गराइने स्वदेशी तथा विदेशी विभिन्न विदेशी भाषाहरुको शिक्षण तथा प्रशिक्षण सम्झनु पर्छ।

(ग) “बोर्ड” भन्नाले नियम ८ बमोजिमको बोर्ड अफ ट्रष्टीलाई सम्झनु पर्छ।

(घ) “सभा” भन्नाले विश्वविद्यालयको बोर्ड अफ ट्रष्टी समावेश भएको विश्वविद्यालय सभालाई सम्झनु पर्छ।

(ङ) “समिति” भन्नाले नियम ६ बमोजिमको अनुगमन तथा मूल्यांकन समिति सम्झनु पर्छ।

(च) “सेवा” भन्नाले शैक्षिक परामर्श, भाषा प्रशिक्षण कार्यक्रम वा त्यस्तै प्रकारका अन्य तालिम कार्यक्रम सम्झनु पर्छ।

(छ) “संस्था” भन्नाले शिक्षण परामर्श सेवा, भाषा प्रशिक्षण कार्यक्रम वा तालिम सञ्चालन गर्ने संस्था सम्झनु पर्छ।

(ज) “शिक्षण संस्था” भन्नाले स्वदेश तथा विदेशमा प्रचलित कानून बमोजिम स्थापना भएका विद्यालय, महाविद्यालय, विश्वविद्यालय

सम्झनुपर्छ र सो शब्दले तालिमकेन्द्र र प्राविधिक शिक्षा प्रदान गर्ने शिक्षण संस्था समेतलाई जनाउछ।

(झ) "शैक्षिक परामर्श" भन्नाले स्वदेश तथा विदेशमा अध्ययन गर्न चाहने विद्यार्थीहरुलाई विषय, तह र शिक्षण संस्था छनौट गर्ने, शिक्षण संस्थामा प्रवेशको लागि तयारी गर्ने वा परामर्श प्रदान गर्ने सेवा सम्झनु पर्छ।

## परिच्छेद–२

## विश्वविद्यालयको स्थापना सम्बन्धी व्यवस्था

३. **सैद्धान्तिक सहमति सम्बन्धी व्यवस्था:** (१) ऐनको दफा ९ बमोजिम विश्वविद्यालय स्थापना गर्न चाहने संस्था वा निकायले विश्वविद्यालयको विधान तयार गर्नु अगावै प्रस्तावित विश्वविद्यालय स्थापनाको अवधारणापत्र सहित सैद्धान्तिक सहमतिका लागि मन्त्रालयमा निवेदन दिनुपर्नेछ।

(२) उपनियम (१) बमोजिम मन्त्रालयमा निवेदन दिंदा अनुसूची-६ बमोजिमको निवेदन दस्तुर लाग्नेछ।

(३) उपनियम (१) बमोजिम प्राप्त निवेदन र अवधारणापत्रमा उल्लेख भएका प्रारम्भिक विवरणको अध्ययन, निरीक्षण लगायत सम्बन्धित पक्षसँग छलफल गरी समितिले मन्त्रालयमा राय सहितको प्रतिवेदन पेश गर्नेछ।

(४) उपनियम (३) बमोजिम प्राप्त प्रतिवेदनका आधारमा सैद्धान्तिक सहमति दिन उपयुक्त देखिएमा मन्त्रालयले स्वीकृतिका लागि परिषद्समक्ष पेश गर्नुपर्नेछ र उपयुक्त नदेखिएमा निवेदकलाई कारण सहित जानकारी दिनुपर्नेछ।

(५) परिषदको निर्णयका आधारमा मन्त्रालयले अनुसूची-१ बमोजिमको ढाँचामा विश्वविद्यालय स्थापनाको लागि सैद्धान्तिक सहमति दिनेछ।

(६) उपनियम (५) बमोजिम सैद्धान्तिक सहमति प्राप्त भएको दुई वर्षभित्र प्रस्तावित विश्वविद्यालयले ऐनको दफा १० बमोजिमको आवश्यक पूर्वाधार तथा अन्य मापदण्ड पूरा गर्नुपर्नेछ।

(७) उपनियम (६) बमोजिमको समयमा पूर्वाधार तथा मापदण्ड पुरा हुन नसकेमा प्रस्तावित विश्वविद्यालयले म्याद थपका लागि मन्त्रालयसमक्ष गरेको कारण सहितको अनुरोध मन्त्रालयले मनासिव ठानेमा परिषद्को स्वीकृति लिई उपयुक्त म्याद थप गर्न सक्नेछ।

(८) उपनियम (६) वा (७) बमोजिमको पूर्वाधार मापदण्ड निर्माण पुरा भएपछि प्रस्तावित विश्वविद्यालयले निरीक्षणका लागि मन्त्रालयमा निवेदन दिनुपर्नेछ।

(९) मन्त्रालयले उपनियम (८) बमोजिम प्राप्त निवेदनका आधारमा समितिलाई आवश्यक जाँचबुझ गरी प्रतिवेदन पेश गर्न लगाउनेछ।

४. **विधान र विश्वविद्यालय स्वीकृति सम्बन्धी व्यवस्थाः** (१) मन्त्रालयबाट विश्वविद्यालय स्थापना गर्न सैद्धान्तिक स्वीकृति प्राप्त गरेको संस्था वा निकायले ऐनको दफा ९ बमोजिम विश्वविद्यालय स्थापनाका लागि निवेदन दिंदा अनुसूची-२ बमोजिमको ढाँचामा विश्वविद्यालयको प्रस्तावित विधान तयार गरी पेश गर्नुपर्नेछ।

(२) उपनियम (१) बमोजिम विधान पेश गर्दा अनुसूची-३ बमोजिमका अन्य विवरणहरु समेत संलग्न गर्नुपर्नेछ।

(३) विश्वविद्यालय स्थापनाका लागि तोकिएका सबै प्रक्रिया, मापदण्ड र पूर्वाधार पुरा भएपछि मन्त्रालयले विश्वविद्यालयलाई स्वीकृति दिने सिफारिस सम्बन्धी प्रस्ताव परिषद्समक्ष पेश गर्नुपर्नेछ।

(४) उपनियम (३) बमोजिम पेश भएको प्रस्ताव परिषदको बहुमतले स्वीकृत गर्ने निर्णय गरेमा प्रस्तावित विश्वविद्यालयलाई स्वीकृति दिन प्रदेश सरकारसमक्ष सिफारिस गर्नेछ।

(५) मन्त्रालयले उपनियम (४) बमोजिमको सिफारिसका आधारमा प्रस्तावित विश्वविद्यालयलाई स्वीकृति दिने सम्बन्धी प्रस्ताव प्रदेश सरकारसमक्ष पेश गर्नेछ।

(६) प्रदेश सरकारबाट उपनियम (५) बमोजिमको प्रस्ताव स्वीकृत भएमा मन्त्रालयले अनुसूची-४ बमोजिमको ढाँचामा प्रस्तावित विश्वविद्यालय सञ्चालनका लागि स्वीकृति प्रदान गर्नेछ।

(७) मन्त्रालयले उपनियम (६) बमोजिम विश्वविद्यालय सञ्चालनको स्वीकृति दिँदा अनुसूची -६ बमोजिम दस्तुर लिनेछ।

(८) उपनियम (७) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रदेश सरकार आफैले स्थापना गर्ने विश्वविद्यालयलाई अनुसूची-६ बमोजिमको कुनै दस्तुर लाग्ने छैन।

(९) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि ऐनको दफा ९ को उपदफा ८ बमोजिम प्रदेश सरकार आफैले विश्वविद्यालय स्थापना गर्ने भएमा ऐन बमोजिम तोकिएको मापदण्ड र पूर्वाधार पुरा गर्ने सम्बन्धमा प्रदेश सरकारबाट भएको निर्णय बमोजिम हुनेछ।

५. <u>सामुदायिक क्याम्पसले विश्वविद्यालय स्थापना गर्न सक्नेः</u> (१) ऐनको दफा १२ को उपदफा (४) बमोजिम प्रदेश भित्र रहेका सामुदायिक क्याम्पसहरु मिलेर विश्वविद्यालय स्थापना गर्न सक्नेछन्।

(२) उपनियम (१) बमोजिम विश्वविद्यालय स्थापना गर्न चाहेमा सामुदायिक क्याम्पसहरुले आफ्नो सञ्चालक समिति र क्याम्पस सभाबाट देहायबमोजिमका विषयहरुमा निर्णय गराउनुपर्नेछः

(क) क्याम्पसको सम्पूर्ण चल अचल सम्पत्ति र दायित्व,

(ख) क्याम्पसमा कार्यरत सम्पूर्ण जनशक्तिको व्यवस्थापन,

(ग) क्याम्पसमा अध्ययनरत विद्यार्थीको अध्ययनको निरन्तरता वा पूर्णता,

(घ) विश्वविद्यालय स्थापना भए पश्चात सम्बन्धन लिएको विश्विद्यालयको सम्बन्धन त्याग गर्ने विषय,

(३) विश्वविद्यालय स्थापना गर्न चाहने सामुदायिक क्याम्पसहरुले विश्वविद्यालय स्थापना गर्ने सम्बन्धमा एकआपसमा सम्झौता गर्नुपर्नेछ।

(४) उपनियम (३) बमोजिमको सम्झौतापत्रमा विश्वविद्यालय स्थापना सम्बन्धी अन्य कुराहरुका अतिरिक्त उपनियम (२) मा उल्लेखित विषयहरुका सम्बन्धमा समेत उल्लेख गर्नु पर्नेछ।

(५) उपनियम (१) बमोजिम विश्वविद्यालय स्थापना गर्ने सामुदायिक क्याम्पसहरुले यस नियमावली बमोजिमको अन्य प्रकृया पुरा गर्नुपर्नेछ।

६. **अनुगमन तथा मूल्याङ्कन समितिः** (१) प्रस्तावित विश्वविद्यालय स्थापनाका लागि प्राप्त निवेदनहरु अध्ययन गर्न तथा पूर्वाधार निरीक्षण गरी प्रतिवेदन पेश गर्न मन्त्रालयमा देहाय बमोजिमको एक अनुगमन तथा मूल्याङ्कन समिति रहनेछः

क) सचिव, मन्त्रालय-संयोजक

ख) प्रदेश सरकारको भवन पूर्वाधार हेर्ने मन्त्रालयको प्राविधिक महाशाखा प्रमुख -सदस्य

ग) प्रदेश सरकारको कानून हेर्ने मन्त्रालयको कानून महाशाखा प्रमुख - सदस्य

घ) परिषदको अध्यक्षले तोकेको एकजना विषयविज्ञ -सदस्य

ङ) उच्च शिक्षा महाशाखा प्रमुख, मन्त्रालय -सदस्य सचिव

(२) उपनियम (१) को खण्ड (घ) बमोजिमको सदस्यको पदावधि चार वर्षको हुनेछ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि परिषदको अध्यक्षले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ।

(४) समितिको बैठकको कार्यविधि समितिले निर्धारण गरेबमोजिम हुनेछ।

७. **विश्वविद्यालयको सम्पत्ति सम्बन्धी व्यवस्था:** (१) विश्वविद्यालयको सम्पत्ति ट्रष्टको रुपमा रहनेछ र यस्तो सम्पत्ति विश्वविद्यालय सञ्चालन सम्बन्धी काममा बाहेक अन्य प्रयोजनमा प्रयोग गर्न सकिनेछैन।

(२) विश्वविद्यालयको चल अचल सम्पत्ति विश्वविद्यालयको नाममा रहनेछ।

(३) विश्वविद्यालयको स्वामित्वमा रहेको अचल सम्पत्ति बेचविखन गर्नुपरेमा परिषद्को पूर्व सहमति लिनुपर्नेछ।

(४) प्रचलित कानून बमोजिम सम्पत्ति बेचविखन गरी प्राप्त हुन आउने रकम विश्वविद्यालयको कोषमा जम्मा गर्नुपर्नेछ।

(५) विश्वविद्यालयले आफ्नो नाममा रहेको चल अचल सम्पत्तीको एकिकृत विवरण अद्यावधिक गरी त्यस्तो विवरण मन्त्रालयमा पेश गर्नुपर्नेछ।

(६) विश्वविद्यालयले आफ्नो कारोबारका लागि नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त वाणिज्य बैंकमा खाता सञ्चालन गर्नुपर्नेछ।

## परिच्छेद– ३

## बोर्ड अफ ट्रष्टीको गठन, काम, कर्तब्य र अधिकार सम्बन्धी व्यवस्था

८. **बोर्ड अफ ट्रष्टीको गठनः** (१) विश्वविद्यालयको स्थापना, सञ्चालन र व्यवस्थापनका लागि विश्वविद्यालयमा विधान बमोजिम एक बोर्ड अफ ट्रष्टी गठन गरिनेछ।

(२) बोर्ड अफ ट्रष्टीमा विश्वविद्यालयका संस्थापक, दाता, विश्वविद्यालय स्थापना र सञ्चालनमा विभिन्न आर्थिक वा भौतिक सहयोग उपलब्ध गराउने संस्थाका प्रतिनिधि तथा आजिवन सदस्यहरु मध्येबाट विधानमा उल्लेख भए बमोजिम मनोनित वा निर्वाचित सदस्यहरु रहनेछन्।

(३) उपनियम (१) बमोजिमको बोर्डमा कम्तीमा दुई जना महिला सहित सात जना सदस्य रहने गरी बोर्ड अफ ट्रष्टीको गठन गर्नुपर्नेछ।

(४) उपनियम (१) बमोजिमको बोर्डको गठन सम्बन्धी अन्य व्यवस्था विधानमा उल्लेख भए बमोजिम हुनेछ।

(५) बोर्डका सदस्यहरु विधान बमोजिम गठन हुने विश्वविद्यालय सभाको पदेन सदस्य हुनेछन्।

९. **बोर्डको बैठकः** (१) बोर्डको बैठक कम्तिमा वर्षको दुई पटक बस्नेछ।

(२) बोर्डको बैठकको अध्यक्षता बोर्डको अध्यक्षले गर्नेछ।

(३) बोर्डको सम्पूर्ण सदस्य संख्याको पचास प्रतिशत भन्दा बढि सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(४) बोर्डले आफुलाई प्राप्त अधिकार मध्ये केही अधिकार कुनै सदस्य, विश्वविद्यालयको कुनै निकाय वा पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

(५) बोर्डको बैठक सम्बन्धी अन्य व्यवस्था विधानमा उल्लेख भएबमोजिम हुनेछ ।

१०. **बोर्डको काम, कर्तव्य र अधिकार:** विश्वविद्यालय बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

क) विश्वविद्यालयको लागि आवश्यक स्रोतको व्यवस्थापन तथा बार्षिक कार्य सम्पादनको मूल्याङ्कन गर्ने,

ख) सभाको निर्णयमा आवश्यकताअनुसार शिक्षण संस्थाहरु खोल्ने, गाभ्ने, स्थानान्तरण गर्ने वा खारेज गर्ने,

ग) संकाय तथा शिक्षण संस्थाहरुको व्यवस्थापन तथा रेखदेख र निरीक्षण गर्ने,

घ) छात्रवृत्ति, पदक र पुरस्कारको स्थापना तथा व्यवस्था गर्ने,

ङ) लेखापरीक्षण प्रतिवेदन उपर छलफल गरी आवश्यक निर्देशन दिने,

च) विश्वविद्यालयको नीति निर्धारण गर्ने र विश्वविद्यालयलाई मार्गदर्शन गर्ने,

छ) विश्वविद्यालयको वार्षिक बजेट र कार्यक्रम स्वीकृति वा संशोधनका लागि सभासमक्ष पेश गर्ने,

ज) विश्वविद्यालयको दीर्घकालीन योजना स्वीकृतिका लागि सभासमक्ष पेश गर्ने,

झ) विश्वविद्यालयको जनशक्ति नीति तथा योजना स्वीकृतिका लागि सभासमक्ष पेश गर्ने,

ञ) विधानमा उल्लेख भए बमोजिमका अन्य कामहरू गर्ने।

## परिच्छेद -४

## विश्वविद्यालय गाभ्ने र गाभिने सम्बन्धी व्यवस्था

**११. विश्वविद्यालय गाभ्ने र गाभिने सम्बन्धी व्यवस्था:**(१) ऐनको दफा २३ बमोजिम एक अर्कामा गाभिन चाहने विश्वविद्यालयहरुले मन्त्रालयमा निवेदन दिंदा देहायका विवरणहरु खुलाउनु पर्नेछः

(क) अर्को विश्वविद्यालयसँग गाभिन वा अर्को विश्वविद्यालयलाई गाभ्ने सम्बन्धमा विश्वविद्यालय सभाको दुईतिहाई बहुमतले गरेको निर्णय,

(ख) कायम हुने विश्वविद्यालयको नामका सम्बन्धमा विश्वविद्यालयको सहमतिको निर्णयको पत्र,

(ग) अघिल्लो आर्थिक वर्षसम्मको लेखापरीक्षणको प्रतिवेदन,

(घ) विश्वविद्यालयका पूर्णकालीन शिक्षक तथा कर्मचारीहरुका सम्बन्धमा गाभिने विश्वविद्यालयमा सेवाको सुनिश्चितता वा प्रचलित कानुन बमोजिमको सुविधा सहितको स्वैच्छिक अवकाश वा कर्मचारीको उपयुक्त व्यवस्थापन सम्बन्धी निर्णय,

(ङ) विश्वविद्यालयमा भएका स्कुल वा संकाय सम्बन्धी विवरण,

(च) भर्ना भएका सबै विद्यार्थीहरुको पठनपाठनको सुनिश्चितता,

(छ) चल वा अचल सम्पत्ति सबै नयाँ गठन हुने विश्वविद्यालयको नाममा कायम हुने सुनिश्चितता,

(ज) सबै अभिलेखहरु कायम हुने नयाँ विश्वविद्यालयमा सुरक्षित रहने भरपर्दो व्यवस्था,

(झ) विश्वविद्यालयले व्यक्ति वा संस्थाहरुबाट ऋण लिएको वा दिएको भए त्यसको दायित्व कायम हुने विश्वविद्यालयमा रहने गरी स्वीकार गरिएको प्रतिवद्धता पत्र।

(२) ऐनको दफा २३ को उपदफा (५) बमोजिम प्रदेश सरकारबाट गाभ्ने स्वीकृति पाएको विश्वविद्यालयलाई मन्त्रालयले अनुसूची-५ बमोजिमको ढाँचामा विश्वविद्यालय गाभिएको जानकारी दिनेछ।

## परिच्छेद -५

## विश्वविद्यालय विघटन सम्बन्धी व्यवस्था

**१२. विश्वविद्यालय विघटन सम्बन्धी व्यवस्थाः**(१) ऐनको दफा २५ बमोजिम विश्वविद्यालय विघटन हुन सक्नेछ।

(२) उपनियम (१) बमोजिम विश्वविद्यालय विघटन गर्दा अध्ययनरत विद्यार्थीको चालु शैक्षिक सत्रको समाप्ति भन्दा अगावै विघटन गर्न सकिनेछैन।

(३) उपनियम (१) बमोजिम बाहेक विश्वविद्यालय विघटन हुने भएमा विश्वविद्यालयको सभाले निर्णय गरी त्यसरी विघटन हुनु एक वर्ष अगावै मन्त्रालयलाई जानकारी दिई सरोकारवाला सबैको जानकारीका लागि सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ।

(४) उपनियम (३) बमोजिम विश्वविद्यालय विघटन गर्दा विश्वविद्यालयले आफ्नो विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीहरुको बाँकी

शिक्षण कार्यक्रम पूरा गर्न आवश्यक सम्पूर्ण कार्यको सुनिश्चितता गर्नुपर्नेछ।

(५) यस नियम बमोजिम विश्वविद्यालयको विघटन गर्ने जानकारी प्राप्त हुन आएमा मन्त्रालयले सो सम्बन्धमा आवश्यक अध्ययन गरी विघटनको सिफारिसका लागि परिषद्समक्ष प्रस्ताव गर्नेछ।

(६) उपनियम (५) बमोजिमको प्रस्तावमा परिषद्ले विघटनको सिफारिस गर्ने निर्णय गरेमा मन्त्रालयले त्यस्तो सिफारिस सहितको प्रस्ताव प्रदेश सरकारसमक्ष पेश गर्नुपर्नेछ।

(७) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा २५ बमोजिम विश्वविद्यालय विघटन गर्नु परेमा सो को कारण सहित सम्बन्धित विश्वविद्यालयलाई आफ्नो सफाई पेश गर्न कम्तिमा तीस दिनको समय दिनुपर्नेछ।

(८) यस नियम बमोजिम विश्वविद्यालय विघटन गर्न प्रदेश सरकारसमक्ष पेश गर्नु अघि मन्त्रालयले विश्वविद्यालयको सम्पत्ति र दायित्वको हिसाब गर्न लिक्वीडेटर नियुक्तिका लागि प्रदेश सरकार समक्ष सिफारिस गर्नेछ।

(९) मन्त्रालयले पेश गरेको लिक्वीडेटरको प्रतिवेदन र परिषद्को सिफारिस सहितको विश्वविद्यालय विघटन सम्बन्धी प्रस्ताव प्रदेश सरकारले स्वीकृत गरेमा उक्त विश्वविद्यालय विघटन हुनेछ।

(१०) विश्वविद्यालयका शिक्षक, कर्मचारी र अध्ययनरत विद्यार्थीको सम्बन्धमा परिषद्को सिफारिसमा उल्लेख भए बमोजिम हुनेछ।

(११) विश्वविद्यालयको दायित्व भुक्तानी गरी बाँकी रहेको सम्पत्ति सम्बन्धमा लिक्वीडेटरको प्रतिवेदन समेतको आधारमा प्रदेश सरकारले निर्णय गरे बमोजिम हुनेछ।

१३. **विश्वविद्यालयले जानकारी गराउनुपर्नेः** (१) यस परिच्छेद बमोजिम विश्वविद्यालय विघटन हुने भएमा त्यसको जानकारी सम्बन्धित विद्यार्थी, शिक्षक तथा कर्मचारीलाई यथाशीघ्र गराउनुपर्नेछ।

(२) विश्वविद्यालय बिघटन हुने भएमा शिक्षक तथा कर्मचारीलाई विनियममा तोकिए बमोजिमको सुविधा उपलब्ध गराउनुपर्नेछ।

१४. **नयाँ विद्यार्थी भर्ना गर्न नहुनेः-** विश्वविद्यालय विघटन हुने सूचना जारी भएपछि विद्यार्थी भर्ना गर्न पाइनेछैन।

१५. **भुक्तानीको प्रबन्ध मिलाउनुपर्नेः-** विश्वविद्यालय विघटन गर्नुपूर्व विश्वविद्यालयको सम्पूर्ण आम्दानी खर्च व्यवस्थापन तथा ऋण भए सो को साँवा व्याज भुक्तानीको आवश्यक प्रबन्ध मिलाउनुपर्नेछ।

## परिच्छेद- ६

## विदेशी विश्वविद्यालयको सम्बन्धनमा उच्च शिक्षा शिक्षण संस्था स्थापना सम्बन्धी व्यवस्था

१६. **उच्च शिक्षा सम्बन्धी शिक्षण संस्था स्थापना गर्नसक्नेः** (१) कुनै संस्था वा निकायले विदेशी विश्वविद्यालयसँग सम्बन्धन लिई प्रदेश भित्र उच्च शिक्षा शिक्षण संस्थाहरु स्थापना गर्न सक्नेछन्।

(२) उपनियम (१) बमोजिम शिक्षण संस्था स्थापना गर्न चाहने संस्था वा निकायले ऐनको दफा ४० को उपदफा (१) बमोजिम परिषद् बाट स्वीकृति लिनुपर्नेछ।

(३) उपनियम (१) बमोजिम स्थापना हुने शिक्षण संस्थाहरु प्रदेश भित्र भएका विश्वविद्यालहरुले सञ्चालन गरेका विषयहरु बाहेक प्रदेशलाई आवश्यक पर्ने सिपमूलक जनशक्ति उत्पादनमा सहयोग पुर्‍याउने विषयसँग सम्बन्धित हुनुपर्नेछ।

(४) उपनियम (१) बमोजिमका शिक्षण संस्था स्थापना गर्न चाहने संस्था वा निकायले देहायका विवरण सहित मन्त्रालयमा निवेदन दिनुपर्नेछः

(क) सम्बन्धन दिने विश्वविद्यालयको सम्बन्धनपत्र तथा सञ्चालन गर्न खोजेको विषय,

(ख) एक शिक्षण बर्षमा अध्यापन गराइने अनुमानित विद्यार्थी संख्या,

(ग) विद्यार्थीहरुसँग लिइने शुल्क सम्बन्धी विवरण,

(घ) सञ्चालनको लागि आवश्यक पर्ने कक्षाकोठा, पुस्तकालय, प्रयोगशाला, छात्रावास भवन, खेलमैदान जस्ता पूर्वाधारहरुको विवरण,

(ङ) प्रशासनिक कक्ष, आवश्यक फर्निचर तथा शिक्षण सामग्रीहरु,

(च) संस्थाको लागि आवश्यक पर्ने कर्मचारी तथा पठनपाठन गराउने आवश्यक योग्यता भएका शिक्षकहरुको विवरण, योग्यताका प्रमाणपत्रहरु र करार संझौताहरु,

(छ) शिक्षक कर्मचारीहरुको आचारसंहिता,

(ज) छात्रवृति सम्बन्धी प्रावधान,

(झ) मन्त्रालयले माग गरेका थप विवरणहरु।

(५) उपनियम (४) बमोजिम प्राप्त निवेदनउपर समितिले छानविन गरी प्रतिवेदन पेश गर्नेछ ।

(६) उपनियम (५) बमोजिम प्राप्त प्रतिवेदनका आधारमा मन्त्रालयले सिफारिस सहित स्वीकृतिका लागि परिषद्समक्ष पेश गर्नेछ।

(७) उपनियम (६) बमोजिम मन्त्रालयको सिफारिस प्राप्त भएमा परिषद्ले त्यस्तो शिक्षण संस्था स्थापना गर्न एक शिक्षण कार्यक्रमका लागि अस्थायी स्वीकृति दिन सक्नेछ।

(८) उपनियम (७) बमोजिम अस्थायी स्वीकृति प्राप्त गरी एक शैक्षिक कार्यक्रम सफलतापूर्वक सम्पन्न गरेका शिक्षण संस्थाहरुले थप कार्यक्रम सञ्चालनका लागि स्वीकृति माग गरेमा परिषद्ले स्वीकृति प्रदान गर्न सक्नेछ।

(९) उपनियम (८) बमोजिम स्वीकृति प्राप्त गरेका शिक्षण संस्थाहरुले प्रत्येक पाँच वर्षमा परिषदबाट नवीकरण गराउनुपर्नेछ।

(१०) उपनियम (९) बमोजिम नवीकरणका लागि मन्त्रालयमा उपनियम (४) बमोजिमको अद्यावधिक विवरण पेश गर्नुपर्नेछ।

(११) यस परिच्छेद बमोजिम स्थापना हुने शिक्षण संस्थाहरुले अनुसूची-६ मा तोकिए बमोजिम धरौटी, अनुमति शुल्क र नवीकरण शुल्क बुझाउनुपर्नेछ।

## परिच्छेद-७

## शैक्षिक परामर्श सम्बन्धी व्यवस्था

**१७. सेवा सञ्चालन गर्न अनुमति लिनुपर्नेः** (१) सेवा सञ्चालन गर्न चाहने संस्था वा निकाय र कुनै तालिम कार्यक्रम सञ्चालन गर्न चाहने विदेशी शिक्षण संस्थाले सेवा सञ्चालन गर्नुपूर्व अनुमति लिनका लागि देहायका विवरणसहित अनुसूची-७ को ढाँचामा मन्त्रालयमा निवेदन दिनुपर्नेछ।

(क) फर्म वा कम्पनीको स्वीकृत प्रवन्ध-पत्र तथा नियमावलीको प्रमाणित प्रतिलिपि

(ख) सञ्चालकहरूको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि,

(ग) स्थायी लेखा प्रमाण-पत्र (PAN) को प्रतिलिपि,

(घ) कम्तीमा दुई जना परामर्शदाताको योग्यताको प्रमाण-पत्र,

(ङ) कुनै पनि देशको कम्तीमा दुई वटा कलेज तथा विश्वविद्यालयको आधिकारिक प्रतिनिधि भएको प्रमाण-पत्रको प्रतिलिपि,

(च) आफ्नै घरजग्गामा सञ्चालन गर्ने भएमा जग्गाधनी दर्ता प्रमाणपत्रको प्रतिलिपी,

(छ) भाडाको घर वा जग्गा भएमा कम्तीमा दुई वर्षको लागि घर भाडामा लिएको सम्झौता-पत्रको प्रतिलिपि,

(छ) फर्म वा कम्पनी, संस्थाको नाममा खाता सञ्चालन रहेको सम्बन्धित बैंकको सिफारिस पत्र,

(ज) संस्थाले प्रदान गर्ने सुविधा, कार्यप्रक्रिया, लागत समेत खुलाइएको विवरण,

(झ) भाषा एवम् पूर्व तयारी कक्षा सञ्चालन गर्ने प्रशिक्षकहरूको योग्यता खुलेको प्रमाण-पत्रको प्रतिलिपि सहितको विवरण,

ञ) सेवा प्राप्त गर्ने व्यक्तिले बुझाउनुपर्ने शुल्कको विवरण,

ट) अघिल्लो आ.व. को लेखापरीक्षण प्रतिवेदन,

ठ) कर चुक्ता प्रमाणपत्र,

ठ) सम्बन्धित स्थानीय तहको सिफारिस वा दर्ता प्रमाणपत्र

ड) मन्त्रालयले माग गरेका अन्य विवरण।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन तथा कागजातहरू जाँचबुझ गरी  सेवा सञ्चालनका लागि अनुमति दिन उपयुक्त

देखिएमा मन्त्रालयले अनुसूची-८ बमोजिमको ढाँचामा अनुमति पत्र दिनेछ।

(३) यो नियमावली प्रारम्भ हुनुपूर्व सञ्चालनमा रहेका सेवा सञ्चालन गर्ने संस्थाले यो नियमावली प्रारम्भ भएको मितिले छ महिनाभित्र नियम (१) बमोजिम अनुमति लिनुपर्नेछ।

(४) उपनियम (१) बमोजिम अनुमति लिन चाहने संस्थाहरुले अनुसूची-६ बमोजिमको अनुमति दस्तुर बुझाउनुपर्नेछ।

(५) उपनियम (१) बमोजिमको अनुमतिपत्रको अवधि एक आर्थिक वर्षको हुनेछ।

१८. <u>**अनुमतिपत्र नवीकरण गर्नुपर्नेः**</u> (१) सेवा सञ्चालन गर्ने संस्थाले अनुमति पत्रको अवधि समाप्त हुनु एक महिना अगावै देहाय बमोजिमका विवरणसहित अनुमति पत्र नवीकरणका लागि निवेदन दिनुपर्नेछः

(क) गत आर्थिक वर्षमा सम्पादन गरेका कामहरूको प्रगति विवरण,

(ख) गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,

(ग) संस्थाले प्रदान गर्ने सेवा, कार्यप्रक्रिया र लागतको विवरण,

(घ) संस्था दर्ताको प्रमाणपत्र,

(ङ) कर चुक्ता प्रमाण-पत्र,

च) मन्त्रालयले माग गरेका अन्य विवरण।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सेवा सञ्चालन गर्ने संस्थाले निर्धारित समयमा नवीकरण गर्न नसकेको कारण खुलाई मन्त्रालयसमक्ष निवेदन दिएमा र त्यस्तो निवेदनको व्यहोरा मनासिव भएमा मन्त्रालयले नवीकरण गर्ने अवधि म्याद समाप्त भएको मितिले तीन महिनासम्म थप गर्न सक्नेछ।

(३) अनुमति नवीकरण गर्दा अनुसूची-६ मा उल्लेख भएबमोजिमको नवीकरण दस्तुर र म्याद थप वापत थप दस्तुर लाग्नेछ।

१९. **अनुमतिपत्र रद्द हुने अवस्थाः**(१) सेवा सञ्चालन गर्ने कुनै पनि संस्थाको अनुमति देहायका अवस्थामा नियम २३ बमोजिम गठित समितिको सिफारिसमा मन्त्रालयले रद्द गर्न सक्नेछ।

(क) सम्बन्धित संस्थाले अनुमति पत्र रद्द गर्न निवेदन दिएमा,

(ख) तोकिएका शर्तहरू उल्लङ्घन गरेको पाइएमा,

(ग) संस्थाले झुट्टा वा बदनीयतपूर्ण तरिकाले सेवा प्रदान गरेमा,

(घ) सेवा प्रदान गर्दा गरिएको सम्झौतामा निर्धारित भन्दा बढी शुल्क लिएको पाइएमा,

(ङ) संस्थाको दर्ता खारेज भएमा,

(च) सञ्चालन गर्ने संस्था विघटन भएमा,

(छ) संस्था सञ्चालन गर्ने फर्म वा कम्पनी खारेज वा लिक्विडेशन भएको प्रमाणित भएमा,

(ज) मन्त्रालय वा मन्त्रालयले तोकेको निकायको नीति निर्देशनहरूको उल्लङ्घन गरेको पाइएमा,

(झ) संस्थाको नवीकरण नगरेमा।

(२) उपनियम (१) बमोजिम सेवा सञ्चालन गर्ने संस्थाको अनुमति रद्द हुँदाका बखत संस्थाले तिर्नु बुझाउनुपर्ने आफ्नो सम्पूर्ण दायित्व मिलान गरेको हुनुपर्नेछ।

(३) उपनियम (१) बमोजिम सेवा सञ्चालन गर्ने संस्थाको अनुमतिपत्र रद्द गर्नु अघि मन्त्रालयले त्यस्ता संस्थालाई सफाइ पेश गर्ने मौका दिनुपर्नेछ।

२०. **धरौटी राख्नुपर्नेः** (१) यस नियमावली बमोजिम अनुमति लिई सेवा सञ्चालन गर्न चाहने संस्थाले अनुसूची-६ बमोजिमको धरौटी रकम जम्मा गर्नुपर्नेछ।

(२) संस्थाले कानून विपरितका कुनै कार्य गरी कसैलाई आर्थिक क्षति पुर्‍याएमा मन्त्रालयले पिडीत पक्षलाई सोही धरौटीबाट क्षतिपूर्ति दिने व्यवस्था मिलाउन सक्नेछ र धरौटी भन्दा बढी क्षति पुर्याएकोमा सो क्षति बराबरको रकम प्रचलित कानूनबमोजिम असुल उपर गर्ने व्यवस्था मिलाउनेछ।

(३) यो नियमावली प्रारम्भ हुनुपूर्व प्रचलित कानून बमोजिम अनुमति प्राप्त गरी सञ्चालन भएका सेवा सञ्चालन गर्ने संस्थाहरूले नियम १७ को उपनियम (१) बमोजिम मन्त्रालयबाट स्वीकृति लिँदा अनुसूची-६ बमोजिमको धरौटी जम्मा गर्नुपर्नेछ।

तर,

शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षणसम्बन्धी कार्यविधि,२०७६ बमोजिम अनुमति लिँदाका बखत धरौटी जम्मा गरेका संस्थाको हकमा यो प्रावधान लागु हुनेछैन।

(४) यस नियमावली बमोजिम संस्था बन्द गर्न चाहेमा प्रचलित कानून बमोजिम धरौटी वापतको रकम फिर्ता गरिनेछ।

तर,

सेवा सञ्चालन गर्ने संस्थाको अनुमति रद्द हुँदाका बखत संस्थाले तिर्नु बुझाउनुपर्ने आफ्नो सम्पूर्ण दायित्व मिलान गरेको हुनुपर्नेछ।

२१. **सेवा सञ्चालन गर्ने संस्थाले शर्तहरु पालना गर्नुपर्ने:** (१) सेवा सञ्चालन गर्ने संस्थाले देहायका शर्तहरू पालना गर्नुपर्नेछः

(क) संस्थाको छुट्टै कार्यालयको व्यवस्था हुनुपर्ने,

(ख) संस्थाको ठेगाना तथा सम्पर्क टेलिफोन, इमेल समेत स्पष्ट खुलेको हुनुपर्ने,

(ग) संस्थाले आफूलाई प्रदान गरिएको अधिकारको क्षेत्रभित्र रही कार्य गर्नुपर्ने,

(घ) योग्यता पुगेको आधिकारिक व्यक्तिबाट मात्र सेवा प्रदान गर्नुपर्ने,

(ङ) विदेशी नागरिकलाई शिक्षण परामर्शदाता वा प्रशिक्षकको रूपमा नियुक्ति गर्दा प्रचलित कानून बमोजिम अनुमति लिनुपर्ने भएमा त्यस्तो अनुमति लिएको हुनुपर्ने,

(च) सेवाको लागतका आधारमा सेवा शुल्क निर्धारण गरी सार्वजनिक गर्नुपर्ने,

(छ) विश्वविद्यालय वा कलेज रहेको देशको प्रवेशाज्ञाको प्रक्रिया सम्बन्धी जानकारी गराउनु पर्ने,

(ज) सेवा प्रदान गर्ने संस्थामा प्रशिक्षक, भौतिक पूर्वाधार तथा पुस्तकालयको सुविधा हुनुपर्ने,

(झ) संस्थाले झुट्टा वा भ्रमपूर्ण विज्ञापन प्रकाशन, प्रशारण वा प्रचारप्रसार गर्न नहुने।

(ट) संस्थाको स्थायी लेखा नम्बर प्रमाण-पत्र, संस्था दर्ता प्रमाण-पत्र, संस्थाबाट गरिने सेवा, कार्यप्रक्रिया समेत खुलाई सबैले स्पष्ट रूपमा देख्ने गरी कार्यालयमा राख्नुपर्ने,

(ठ) संस्थाले आफ्नो कार्यालय स्थानान्तरण गर्नुपूर्व मन्त्रालयको अनुमति लिनुपर्ने।

२२. **करार गर्नुपर्ने:** संस्थाले सेवा लिन चाहने व्यक्ति र संस्थाको बिचमा देहायका विवरणहरु समेत खुल्ने गरी अनुसूची-९ बमोजिमको ढाँचामा करार गर्नुपर्नेछः

(क) विद्यार्थीले उच्च शिक्षा अध्ययन गर्न चाहेको शैक्षिक संस्था सम्बन्धित देशको सरकारबाट मान्यताप्राप्त भएको सुनिश्चतता,

(ख) नेपाल सरकारले तोकेको निकायबाट समकक्षता प्रमाणपत्र प्राप्त हुनसक्ने शैक्षिक संस्था,

(ग) स्पष्टरुपमा शैक्षिक संस्थाको नाम, ठेगाना र सम्पर्क उल्लेख भएको तथा त्यस्तो संस्थाले अन्तर्राष्ट्रिय मान्यता प्राप्त गरेको,

(घ) शैक्षिक संस्थाले प्रदान गर्ने छात्रवृत्ति, शुल्क तथा अन्य सेवा सुविधा,

(ङ) सम्बन्धित देशको अध्यागमन सम्बन्धी कानून,

(च) विद्यार्थीका लागि छात्रावास तथा आवासको व्यवस्था,

(छ) विदेशी विद्यार्थीले पालना गर्नुपर्ने शर्त तथा पालना गर्नुपर्ने नियमहरु,

(ज) विद्यार्थीका लागि प्राप्त हुन सक्ने आंशिक रोजगारी र खान बस्नको लागि हुनसक्ने वैकल्पिक व्यवस्था,

(झ) विदेशी विद्यार्थीले जान्नुपर्ने र जान्न चाहेका अन्य विषयहरु।

२३. **परामर्शदाता वा प्रशिक्षकको योग्यता:** शैक्षिक परामर्शदाता वा प्रशिक्षकले सम्बन्धित विषयमा देहाय बमोजिमको योग्यता हासिल गरेको हुनुपर्नेछः

(क) भाषा प्रशिक्षकको लागि मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक वा सो सरह उत्तीर्ण गरी

सम्बन्धित भाषाको कम्तिमा एक वर्षको तालिम लिएको वा उक्त भाषाको कम्तिमा स्नातक तह सरहको अध्ययन पुरा गरेको,

(ख) TOEFL, IELTS, SAT, JLPT अध्यापनका लागि मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयमा न्युनतम पचहत्तर प्रतिशत प्राप्ताङ्क प्राप्त गरेको,

(ग) GRE, GMAT अध्यापनका लागि मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयमा न्युनतम पचहत्तर प्रतिशत प्राप्ताङ्क प्राप्त गरेको।

२४. **समन्वय समितिः** (१) शैक्षिक परामर्श सेवा प्रशिक्षण कार्यक्रम सञ्चालन अनुमति, नवीकरण वा अनुमति रद्द सम्बन्धी सिफारिस गर्न मन्त्रालयममा देहाय बमोजिमको एक समन्वय समिति रहनेछः

(क) प्रमुख, उच्च शिक्षा महाशाखा, मन्त्रालय -संयोजक

(ख) मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयको कम्तीमा अधिकृतस्तरको कर्मचारी -सदस्य

(ग) प्रदेश सरकारको आन्तरिक मामिला हेर्ने मन्त्रालयको कम्तीमा अधिकृतस्तरको कर्मचारी -सदस्य

(घ) मन्त्रालयको कानून अधिकृत -सदस्य

(ङ) सम्बन्धित शाखा हेर्ने मन्त्रालयको शाखा प्रमुख -सदस्य सचिव

(२) उपनियम (१) बमोजिमको समन्वय समितिले नियम १७, १८ र १९ बमोजिम प्राप्त निवेदनहरु माथि जाँचबुझ गरी सेवा

सञ्चालन गर्ने संस्थाको अनुमति नवीकरण वा रद्द सम्बन्धी निर्णयका लागि मन्त्रालयसमक्ष सिफारिस गर्नेछ।

२५. **अनुगमन तथा निरीक्षण गर्न सक्ने:** (१) मन्त्रालयले जुनसुकै बखत सेवा प्रदायक संस्थाको अनुगमन र निरीक्षण गरी निर्देशन दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम मन्त्रालयले दिएको निर्देशन पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ।

## परिच्छेद-७

## विविध

२६. **शैक्षिक मेला वा प्रदर्शनी आयोजना गर्दा अनुमति लिनुपर्ने:** (१) संस्थाले शैक्षिक परामर्श सम्बन्धी मेला वा प्रदर्शनी आयोजना गर्दा देहायका कागजात संलग्न गरी मन्त्रालयले तोकेको निकायमा अनुमतिका लागि निवेदन दिनुपर्नेछः

(क) स्थायी लेखा नम्बर प्रमाण-पत्र (PAN) को प्रतिलिपि,

(ख) मेला वा प्रदर्शनीमा सामेल शिक्षण संस्था, विषय, तह, लागत, उपाधिको मान्यता र समकक्षता सम्बन्धी विस्तृत विवरण,

(ग)मेला वा प्रदर्शनी आयोजना कार्यक्रमको विस्तृत विवरण,

(घ) विदेशी आयोजक भए सम्बन्धित कूटनीतिक निकायको सिफारिस,

(घ) सम्बन्धित स्थानीय तहको सिफारिस।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन बमोजिम मन्त्रालयले तोकेको निकायले मेला वा प्रदर्शनी आयोजनाका लागि अनुमति दिनसक्नेछ।

२७. **लेखा तथा लेखापरीक्षण:** (१) विश्वविद्यालय, शिक्षण संस्था र सेवा सञ्चालन गर्ने संस्थाले आफ्नो लेखा प्रचलित कानूनले तोकेको ढाँचामा राखुपर्नेछ।

(२) उपनियम (१) बमोजिमको लेखा प्रचलित कानून बमोजिम मान्यता प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउनुपर्नेछ।

(३) उपनियम (२) बमोजिमको लेखापरीक्षण प्रतिवेदन लेखापरीक्षण सम्पन्न भएको मितिले तीन महिनाभित्र मन्त्रालयमा पेश गर्नुपर्नेछ।

२८. **विश्वविद्यालयमा भर्ना हुन चाहिने योग्यताः** (१) विश्वविद्यालयमा भर्ना हुनका लागि विद्यार्थीहरुको योग्यता विश्वविद्यालयको विनियममा तोकिए बमोजिम हुनेछ।

२९. **उपाधी तथा मानार्थ उपाधी प्रदान गर्न सक्नेः** विश्वविद्यालयले विश्वविद्यालयको विधान तथा विनियममा तोकिए बमोजिम विभिन्न उपाधी तथा मानार्थ उपाधी प्रदान गर्न सक्नेछ।

३०. **विश्वविद्यालयको सूचि प्रकाशन गर्नुपर्नेः** मन्त्रालयले प्रत्येक बर्ष प्रदेशभित्र सञ्चालित विश्वविद्यालयहरुको नाम, त्यस्ता विश्वविद्यालयमा सञ्चालित शिक्षण कार्यक्रम लगायतका अन्य आवश्यक विवरण सहितको सूचि प्रकाशन गर्नेछ।

३१. **वार्षिक प्रतिवेदनः** विश्वविद्यालयले आफ्नो वार्षिक प्रतिवेदन सभाबाट पारित गरी आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र मन्त्रालयसमक्ष पेश गर्नुपर्नेछ।

३२. **मापदण्ड बनाउन सक्नेः** ऐन र यस नियमावलीको अधिनमा रही मन्त्रालयले आवश्यकता अनुसार मापदण्ड बनाउन सक्नेछ।

३३. **खारेजी र बचाउः** (१) शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षणसम्बन्धी कार्यविधि, २०७६ खारेज गरिएको छ।

(२) शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षणसम्बन्धी कार्यविधि, २०७६ बमोजिम भए गरेका काम कारबाही यसै नियमावली बमोजिम भएको मानिनेछ।

## अनुसूची-१

(नियम (३) को उपनियम (५) सँग सम्बन्धित)

सैद्धान्तिक सहमतिको ढाँचा

**प्रदेश सरकार**

**.................. मन्त्रालय**

**................... महाशाखा**

**लुम्बिनी प्रदेश, नेपाल**

विषयः सैद्धान्तिक सहमति दिईएको ।

श्री...................................

मिति..............................

..........................................................(विश्वविद्यालयको नाम उल्लेख गर्ने) विश्वविद्यालय स्थापनाका लागि ......................................(स्थानीय तहको नाम उल्लेख गर्ने) को सिफारिस सहित.........................................................(स्थानीय तहको नाम उल्लेख गर्ने) वडा नं...... मा ट्रष्टीमा आधारित रहेर विश्वविद्यालय स्थापनाका लागि मन्त्रालयमा निवेदन प्राप्त भइ त्यसको स्थलगत अवलोकनको प्रतिवेदनका आधारमा लुम्बिनी प्रदेश सरकारको मिति.................. को निर्णय बमोजिम विश्वविद्यालय ऐन, २०७८ नियमावली २०७८ र अन्य प्रचलित कानून बमोजिम तोकिएका सबै पूर्वाधार र प्रक्रियाको तयारीका लागि यो सैद्धान्तिक सहमति प्रदान गरिएको छ ।

..................

सचिव

मन्त्रालय

## अनुसूची-२

(नियम ४ को उपनियम (१) सँग सम्बन्धित)

### विश्वविद्यालयको प्रस्तावित विधानको ढाँचा

१. विश्वविद्यालयको स्थापनाको उद्देश्य,
२. विश्वविद्यालय संगठित संस्था हुने विषय,
३. विश्वविद्यालयले सञ्चालन गर्ने कार्यक्रम,
४. विश्वविद्यालयको उद्देश्य प्राप्त गर्न गरिने कामहरु,
५. विश्वविद्यालयको संगठन संरचना,
६. विश्व विद्यालयका पदाधिकारी,
७. बोर्ड अफ ट्रष्टिको गठन,
८. बोर्ड अफ ट्रष्टिको बैठक,
९. बोर्ड अफ ट्रष्टिको काम कर्तव्य र अधिकार,
१०. विश्व विद्यालय सभाको गठन,
११. विश्व विद्यालय सभाको बैठक,
१२. सभाको काम, कर्तव्य र अधिकार,
१३. प्राज्ञिक परिषदको गठन,
१४. प्राज्ञिक परिषदको काम कर्तव्य र अधिकार,
१५. कार्यकारी परिषदको गठन,
१६. कार्यकारी परिषदको काम, कर्तव्य र अधिकार,
१७. संकाय,
१८. अनुसन्धान केन्द्र,
१९. विधापरिषद,
२०. क्याम्पस,
२१. पाठ्यक्रम,
२२. सेवा आयोग,

२३. विश्वविद्यालयका पदाधिकारीहरु र पदाधिकारीहरुको काम कर्तव्य र अधिकार,

२४. विश्वविद्यायलका शिक्षक तथा कर्मचारी,

२५. विश्वविद्यालयको कोष,

२६. लेखा र लेखा परीक्षण,

२७. विश्वविद्यालय भर्ना हुन चाहिने योग्यता।

## अनुसूची -३

(नियम ४ को उपनियम (२) सँग सम्बन्धित)

विश्वविद्यालय स्थापनाका लागि दिइने निवेदनका साथमा पेश गर्नुपर्ने कागजातहरुः

१) विश्वविद्यालयको विधान।

२) विश्वविद्यालय स्थापना तथा सञ्चालनको लागि ऐनमा तोकिए बमोजिमको भौतिक तथा प्राज्ञिक पूर्वाधारहरुको विवरण।

३) ऐनमा तोकिए बमोजिमको जग्गाको जग्गाधनी प्रमाण पूर्जा वा जग्गा प्राप्ति हुने सुनिश्चितता सम्बन्धी कागजात।

४) सञ्चालन गरिने संकाय वा स्कूलहरुको विवरण।

५) सम्बन्धित स्थानीय तहको सिफारिस।

६) विश्वविद्यालय स्थापना गर्ने सम्बन्धमा ट्रष्टिका संस्थापकहरुबाट भएको निर्णयको प्रतिलिपि।

७) बोर्ड अफ ट्रष्टिको गठन सम्बन्धी विवरण।

८) ऐनमा उल्लेख भए बमोजिमको बैङ्कमा रकम जम्मा भएको वा हुने सुनिश्चितता भएको बैङ्क ग्यारेन्टी वा प्रमाण तथा सञ्चालन खर्चको कोषको रकम व्यवस्था भएको सुनिश्चितता गर्ने कागजात।

९) ऐनमा तोकिए बमोजिमको जनशक्तिको मौजुदा विवरण र भविष्यका लागि आवश्यक मानवस्रोत व्यवस्थापनको भरपर्दो योजना।

१०) पुराना संस्थाहरुको हकमा विगत तीन बर्षको विद्यार्थी संख्याको विवरण।

**अनुसूची -४**

(नियम (४) को उपनियम (६)सँग सम्बन्धित)

विश्वविद्यालय सञ्चालनको स्वीकृतिको ढाँचा

**प्रदेश सरकार**

.................. **मन्त्रालय**

**................ महाशाखा**

**लुम्बिनी प्रदेश, नेपाल**

मितिः ................

विषयः विश्वविद्यालय सञ्चालनको स्वीकृति सम्बन्धमा।

श्री ................................. ।

........................................

लुम्बिनी प्रदेश सरकारको मन्त्रिपरिषदको मिति ................ को निर्णय बमोजिम यस प्रदेशमा ..................................... मानित/विश्वविद्यालय स्थापना गरी सञ्चालन गर्न स्वीकृति प्रदान गरिएको छ। विश्वविद्यालय ऐन २०७८, विश्वविद्यालय नियमावली २०७८ र स्वीकृत विधानमा उल्लेखित प्रावधानहरुको अधिनमा रही गुणस्तरीय उच्च शिक्षाको उपलब्धता र शिक्षाको माध्यमबाट राष्ट्रकै विकास र समृद्धिमा सहयोग पुग्ने जनशक्तिको आपुर्ति विश्वविद्यालयबाट हुने अपेक्षा गरिएको छ।

विश्वविद्यालयको उत्तरोत्तर प्रगतिको कामना।

................

सचिव

मन्त्रालय

अनुसूची -५

(नियम (११) को उपनियम (२) सँग सम्बन्धित)

<u>विश्वविद्यालय गाभिएको जानाकारीको ढाँचा</u>

**प्रदेश सरकार**

**..................... मन्त्रालय**

**................ महाशाखा**

**लुम्बिनी प्रदेश, नेपाल**

मितिः...............

विषयः विश्वविद्यालय गाभ्ने स्वीकृति सम्बन्धमा।

श्री ..............................।

................................

यस प्रदेश अन्तर्गत सञ्चालित......विश्वविद्यालय र ..........विश्वविद्यालयले प्रचलित कानुन बमोजिम एकआपसमा गाभिइ एउटै विश्वविद्यालयको रुपमा काम कारवाही अगाडि बढाउन पाउ भनी दिएको निवेदन उपर कारवाही हुँदा लुम्बिनी प्रदेश सरकारको मन्त्रिपरिषदको मिति...................... को निर्णय बमोजिम दुई मानित /विश्वविद्यालयहरु गाभिई सञ्चालन गर्न स्वीकृति प्रदान गरिएको छ। विश्वविद्यालय ऐन २०७८, विश्वविद्यालय नियमावली २०७८ र स्वीकृत विधानमा उल्लेखित प्रावधानहरुको अधिनमा रही गुणस्तरीय उच्च शिक्षाको उपलब्धता र शिक्षाको माध्यमबाट राष्ट्रकै विकास र समृद्धिमा सहयोग पुग्ने जनशक्तिको आपुर्ति विश्वविद्यालयबाट हुने अपेक्षा गरिएको छ।

विश्वविद्यालयको उत्तरोत्तर प्रगतिको कामना।

.......................

सचिव

मन्त्रालय

## अनुसूची-६

(नियम (३) को उपनियम (२), नियम (४) को उपनियम (७), नियम (६) को उपनियम (११), नियम (१७)को उपनियम (४), नियम (१८)को उपनियम (३), नियम (२०)को उपनियम (१), सम्बन्धित)

विश्वविद्यालय स्थापनाका लागि लाग्ने दस्तुर तथा अन्य धरौटी, शुल्कहरुको विवरण:

१) सैद्धान्तिक सहमतिका लागि निवेदन दस्तुर रु. पच्चिसहजार।

२) विश्वविद्यालय सञ्चालन अनुमति शुल्क रु. बीसलाख।

३) शिक्षण संस्था धरौटी शुल्क रु. पच्चिसलाख।

४) शिक्षण संस्था अनुमति शुल्क रु. दसलाख।

५) शिक्षण संस्था नवीकरण शुल्क रु. पाँचलाख।

६) सेवा सञ्चालन गर्ने संस्थाको अनुमति शुल्क रु. पाँचहजार।

७) सेवा सञ्चालन गर्ने संस्थाको नवीकरण शुल्क रु. तीनहजार।

८) सेवा सञ्चालन गर्ने संस्थाको म्याद थप वापतको थप नवीकरण शुल्क रु. एकहजार पाँचसय।

९) सेवा सञ्चालन गर्ने संस्थाले जम्मा गर्नुपर्ने धरौटी रकम रु. एकलाख।

अनुसूची- ७

नियम (१७) को उपनियम (१)  सँग सम्बन्धित

सेवा सञ्चालन र नवीकरणका लागि दिनुपर्ने निवेदनको ढाँचा

श्री शिक्षा विज्ञान युवा तथा खेलकुद मन्त्रालय,
लुम्बिनी प्रदेश।

विषयः- शैक्षिक परामर्श सेवा तथा प्रशिक्षण कार्यक्रम सञ्चालन अनुमति/ नवीकरण गरी पाउँ।

महोदय

मिति .........................मा ......................................नामको फर्म कम्पनी ......................................... ............................. मा शैक्षिक परामर्श सेवा र प्रशिक्षण/ तालिम कार्य प्रदान गर्ने उद्देश्य राखी संस्था दर्ता भएकोले शैक्षिक परामर्श सेवा र प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने अनुमतिका / नवीकरणका लागि नियम (१७) को उपनियम (२) बमोजिमका  कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु।

निवेदकको
नाम थरः
ठेगानाः
सम्पर्क टेलिफोन नः

अनुसूची -८

(नियम (१७) को उपनियम (२) सँग सम्बन्धित)

सेवा सञ्चालन गर्न दिइने अनुमतिको ढाँचा

प्रदेश सरकार

शिक्षा विज्ञान युवा तथा खेलकुद मन्त्रालय

................................शाखा

लुम्बिनी प्रदेश

विषयः अनुमति सम्बन्धमा।

श्री.............................................,

.................................................।

उपर्युक्त विषयमा त्यस .......................................................संस्थाले मिति ................................ मा दिएको निवेदन उपर कारवाही हुँदा स्वदेश तथा विदेश स्थित शिक्षण संस्थाहरुमा अध्ययन गर्न चाहाने विद्यार्थीका सम्बन्धमा शैक्षिक परामर्श सेवा/ प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न पाउने गरी अनुमति दिन मिति ............................मा निर्णय (माननीय मन्त्रीस्तरीय )भएको हुँदा यो अनुमति प्रदान गरिएको छ।

.............................

मितिः-............................

अनुसूची -९

(नियम (२२) सँग सम्बन्धित करार सम्झौताको ढाँचा)

संस्था र सेवा लिने व्यक्ति बिच भएको करार

विदेशी शैक्षिक संस्थामा अध्ययन गर्न पठाउने संस्था ............................................................ र विदेशी शैक्षिक संस्थामा अध्ययन गर्न जाने ........................................................को छोरा/ छोरी .................., ............................ जिल्ला ............................ महानगरपालिका उपमहानगरपालिका नगरपालिका गाँउपालिका वडा नं ........, .............. मा बस्ने वर्ष ......... को श्री .................. बिच विदेशी शैक्षिक संस्थामा अध्ययनमा जानका लागि नियम (२२) बमोजिमका शर्तहरु पालना गर्ने गरी आपसी मञ्जुरीले यो करार गरिएको छ।

| संस्थाको तर्फबाट | व्यक्तिको तर्फबाट |
|---|---|
| हस्ताक्षर..................... | हस्ताक्षर................ |
| नामः ........................ | नामः ........................... |
| ठेगानाः............................ | ठेगानाः....................... |
| पदः........................... | सम्पर्क फोन नः.............. |
| संस्थाको फोन नः | |
| संस्थाको छाप | |
| संस्था प्रमुखको मोवाइल नः | |

प्रदेश सरकार (मन्त्रिपरिषद्) निर्णय मिति २०७८।१२।११

**आज्ञाले,**

**कृष्ण प्रसाद पन्थ**

**प्रदेश सचिव**